# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ९) मुसिकोट,गुल्मी, माघ १५ गते,२०८२ साल (संख्याः११

## भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## उत्पादन तथा आय आर्जनमूलक लक्षित समुदाय उत्थान विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

मुसिकोट नगर पालिका नगरकार्यापालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# उत्पादन तथा आय आर्जनमूलक लक्षित समुदाय उत्थान विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना:**

परम्परागत र जीवन निर्वाहमुखी रुपमा रहेको कृषिलाई नगरपालिकाको भौगोलिक विशिष्टता, उत्पादन संभाव्यता, बजार तथा पूर्वाधार पहुँचको अवस्था, माग र आवश्यकता समेतका आधारमा उत्पादनशील, आधुनिक र व्यावसायिक बनाउनुपर्ने आवश्यकता रहेको छ। यस क्षेत्रका कृषकहरुमा आवश्यक नवीनतम ज्ञान, सीप, पूँजी, प्राविधिक दक्षता र व्यावसायिकता अभिवृद्धि गर्नु पनि उत्तिकै अपरिहार्य रहेको छ। यस नगरपालिकाका महिलाहरु, दलित, अल्पसंख्यक/आदिवासी तथा अति विपन्न समुदाय लक्षित कृषि उत्पादन,उद्यम व्यवसाय तथा आय आर्जनमूलक कार्यक्रमबाट उनीहरुको व्यवसायिक सीप तथा क्षमताको विकास, रोजगारीका अवसर विस्तार तथा आयआर्जनमा अभिवृद्धि, पेशागत आत्मनिर्भरताको विकास, समूहको सशक्तिकरण र सहकारीताको विकास तथा दिगो आर्थिक एवं सामाजिक लाभको सुनिश्चितता गर्नु अत्यन्तै आवश्यक देखिएको छ। अतः स्थानीय सीप र स्रोतको अधिकतम उपयोग हुनेगरी कृषि उत्पादन तथा आय आर्जनमा वृद्धि एवं रोजगारी सृजना र व्यवसाय विस्तारबाट आत्मनिर्भरता अभिवृद्धि र दीर्घकालिन आर्थिक लाभ सुनिश्चित गर्न सकिन्छ भन्ने अभिप्रायले विशेष अनुदान कार्यक्रम अन्तर्गत मुसिकोट नगरपालिकाको अनुदान तथा समूह/सहकारीको लागत साझेदारी रहने गरी **उत्पादन र आयआर्जनमूलक लक्षित समुदाय उत्थान** विशेष अनुदान कार्यक्रमलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद १(एक)
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"उत्पादन तथा आय आर्जनमूलक लक्षित समुदाय उत्थान विशेष अनुदान कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिदेखि लागू हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्दछ ।

(ग) "कार्यालय" भन्नाले मुसिकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

(घ) "प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाका नगर प्रमुख सम्झनुपर्दछ ।

(ङ) "उप प्रमुख" भन्नाले मुसिकोट नगरपालिकाका उप प्रमुख सम्झनुपर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुसिकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(छ) "वडा" भन्नाले मुसिकोट नगरपालिका मातहतका सबै (९ वटै) वडालाई सम्झनुपर्दछ ।

(ज) "कार्यविधि" भन्नाले "उत्पादन तथा आय आर्जनमूलक लक्षित समुदाय उत्थान विशेष अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" लाई सम्झनुपर्दछ ।

(झ) "कृषि शाखा" भन्नाले मुसिकोट नगरपालिकाको कृषि विकास शाखा सम्झनुपर्दछ ।

(ञ) "उत्पादन सामग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बेर्ना, बिरुवा, औषधी, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा

मुसिकोट नगरपालिका

रसायन, कृषि औजार, यन्त्र उपकरण लगायत कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने सामान र वस्तु समेत सम्झनुपर्दछ ।

(ट) "कृषि पूर्वाधार" भन्नाले सामुदायिक प्रयोजनका लागि निर्माण गरिने कृषि उपज उत्पादन/संकलन/भण्डारण/प्रशोधन संरचना लगायत बजारीकरण सम्बन्धी विभिन्न पूर्वाधार सम्झनुपर्दछ ।

(ठ) "समूह" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषक समूह सम्झनुपर्दछ ।

(ड) "सहकारी" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि सहकारी वा कृषिसम्बन्धी कार्य समावेश भएको सहकारी संस्था सम्झनुपर्दछ ।

(ढ) "अनुदान" भन्नाले कृषि उत्पादन तथा आयआर्जन अभिवृद्धि सम्बन्धी लक्षित समुदाय उत्थान कार्यक्रम सञ्चालनका लागि यस कार्यविधि बमोजिम दिइने विशेष अनुदान सम्झनुपर्दछ ।

(ण) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रम गर्न नगरपालिकाबाट अनुदान लिने समूह वा सहकारी सम्झनुपर्दछ ।

(त) "प्रस्तावक" भन्नाले यस कार्यविधि अनुरुप सार्वजनिक सूचना बमोजिम कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्ने समूह वा सहकारी सम्झनुपर्दछ ।

(थ) "साझेदार संस्था" भन्नाले यस कार्यविधि बमोजिम प्रस्ताव छनौट तथा स्वीकृत भई कार्यक्रम सञ्चालन गर्न सम्झौता गरेका समूह वा सहकारी सम्झनुपर्दछ ।

## परिच्छेद २ (दुई)

## कार्यक्रमको अपेक्षित उपलब्धि, प्राथमिकता क्षेत्र, लक्षित समुदाय, कार्यक्रमहरु

३) **अपेक्षित उपलब्धिः** देहायका अपेक्षित उपलब्धि हासिल गर्न यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछः

(क) लक्षित समुदायको आयआर्जनमा अभिवृद्धि गरी उनीहरुको जीवनस्तरमा सुधार हुने,

(ख) लक्षित समूह र क्षेत्रमा रोजगारीका अवसरहरुको सिर्जना र विस्तार हुने,

(ग) समूह/सहकारीको पेशागत सीप, प्रतिस्पर्धी क्षमता र व्यवसायिकताको विकासमा योगदान पुग्ने,

(घ) सामुदायिक स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने,

(ङ) स्थानको विशिष्टता र संभाव्यताको आधारमा उपलब्ध स्थानीय स्रोतको उपयोग मार्फत लक्षित कार्यक्रमबाट उत्पादन अभिवृद्धि तथा अधिकतम लाभ हासिल गर्न सहयोग पुग्ने,

(च) लक्षित समूहको सशक्तिकरण र सहकारीताको विकासमा सहयोग पुग्ने,

(छ) बाँझो तथा खेर गइरहेको जमीनको सदुपयोग, भूमिको वैज्ञानिक उपयोग र उत्पादकत्व अभिवृद्धि हुने,

(ज) स्थानीय उत्पादनहरुको व्यवसायिक दिगोपना सुनिश्चित गर्न सहयोग पुग्ने,

(झ) प्रविधि विस्तार, हस्तान्तरण एवं सफल अवधारणाको अनुशरण र प्रदर्शन हुने,

(ञ) गुणस्तरीय एवं स्वस्थवर्धक कृषि वस्तुहरुको स्थानीय स्तरमा नैं उत्पादन र उपभोग हुने वातावरण निर्माण हुने,

(ट) स्थानीय कृषि उत्पादन अभिवृद्धि तथा निर्यात प्रवर्द्धन मार्फत आयातलाई क्रमशः न्यूनीकरण गर्न सहयोग पुग्ने ।

४) **प्राथमिकता क्षेत्र**

(१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनका लागि प्राथमिकताका क्षेत्र देहाय बमोजिम हुनेछन्



मुसिकोट राजपत्र

(क) विभिन्न मापदण्ड एवम् क्षेत्रगत अनुकूलता (भौगोलिक, जलवायुजन्य, प्राविधिक, आर्थिक, पर्यावरणीय, सामाजिक-साँस्कृतिक लगायत) का आधारमा नगरपालिकाले छनौट गरेका कार्यक्रमसँग सम्बन्धित पकेट क्षेत्र वा पकेट संभाव्य क्षेत्र,

(ख) कार्यक्रमका लागि आवश्यक स्थानीय स्रोत (कच्चा पदार्थ, श्रमशक्ति, ज्ञान तथा सीप, समूह सक्रियता, पूर्वाधार, प्रविधि आदि) को अधिकतम उपलब्धता हुने तथा उपयोग गर्न सकिने क्षेत्र,

(ग) रोजगारी सिर्जनाको अधिक संभावना भएको, आयआर्जनमा वृद्धि तथा स्वरोजगार प्रवर्द्धन गर्न सकिने क्षेत्र,

(घ) अति विपन्न, कमजोर सामाजिक-आर्थिक सूचकाङ्क, सेवा सुविधाबाट बञ्चित एवं पिछडिएको समुदाय रहेको क्षेत्र,

(ङ) महिला, दलित, आदिवासी/जनजाति समूहहरुको बाहुल्यता भएको र यस्ता सहूहहरुको अधिकतम सहभागिता हुन सक्ने क्षेत्र,

(च) स्थानीय अर्थतन्त्रको सुदृढीकरण, पर्यावरण सन्तुलन र समुदायको विकासमा अधिकतम योगदान हुन सक्ने क्षेत्र,

(छ) तुलनात्मक रुपमा कृषि विकास कार्यक्रम सञ्चालन गर्न जोखिम (विपद, जलवायु, पूर्वाधार, बजार, वित्तीय, प्राविधिक लगायत) कम रहेको क्षेत्र,

(ज) ठूलो क्षेत्रफल भएको जमीनको सहज उपलब्धता र खेर गएका जग्गामा कार्यक्रम कार्यान्वयन गर्न सकिने क्षेत्र आदि।

(२) प्राथमिकता क्षेत्र अनुकूल हुनेगरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा कार्यक्रम कार्यान्वयन हुनेगरी समूह वा सहकारीले कार्यक्रम प्रस्ताव गर्नेछन्।

५) **लक्षित समुदायः** यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनमा सहभागी हुने तथा यसबाट प्रत्यक्ष लाभान्वित हुने महिलाहरु, दलित, अल्पसंख्यक/आदिवासी तथा अति विपन्न समुदाय नैं कार्यक्रमको लक्षित समुदाय हुनेछन्।

६) **कार्यक्रमहरुः (१)** यस कार्यविधि बमोजिम प्रस्ताव छनौट भएको आधारमा साझेदार संस्थाबाट देहायका कार्यक्रमहरु लागत साझेदारीमा सञ्चालन हुन सक्नेछन् ।

(क) च्याउ खेती कार्यक्रम

(ख) फलफूल खेती प्रवर्द्धन कार्यक्रम

(ग) गोला सहितको मौरीघार वितरण कार्यक्रम

(घ) बाख्रा प्रवर्द्धन कार्यक्रम

(ङ) महिला दिदीबहिनीद्धारा कृषि उपज साना उद्योग सञ्चालन

(च) मत्स्य हाँस प्रवर्द्धन कार्यक्रम

(छ) गाई भैंसी प्रवर्द्धन कार्यक्रम

(ज) कुखुरा प्रवर्द्धन कार्यक्रम

(२) उपदफा (१) मा उल्लिखित कार्यक्रमहरु मध्येबाट नगरपालिकाले आर्थिक बर्षका लागि स्वीकृत कार्यक्रम प्रस्तावका आधारमा सबै वा केही कार्यक्रम मात्र कार्यान्वयन गर्न सक्नेछ ।

## परिच्छेद ३(तीन)

## कार्यक्रम सञ्चालन प्रकृया

७) **प्रस्ताव आव्हानः**

(१) कार्यालयले कार्यक्रममा सहभागी हुन ईच्छुक प्रस्तावकहरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न १५(पन्ध्र) दिनको म्याद राखी अनुसूची १ बमोजिमको सार्वजनिक सूचना सरोकारवालाको जानकारीका लागि पत्रपत्रिका वा स्थानीय एफ. एम. रेडियोबाट समेत प्रसारण गर्न सकिनेछ । सूचना कार्यालयको वेबसाइट र वडा कार्यालयमा समेत पठाइनेछ ।

(२) उपदफा (१) को सूचनाका बमोजिम कार्यक्रमसँग सम्बन्धित कृषक समूह, कृषि सहकारी तथा कृषि फार्महरुले मात्र प्रस्ताव दर्ता गर्न सक्नेछन् ।

(३) प्रस्ताव पेश गर्न ईच्छुक कृषि व्यावसायसँग सम्बन्धित समूह/सहकारीले अनुसूची २ बमोजिमको निवेदन प्रस्ताव साथ अनुसूची ३ बमोजिम प्रतिवद्धतापत्र पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्दा कार्यक्रमसँग सम्बन्धित विषयको अनुसूची ४ बमोजिमको कार्ययोजना सहित पेश गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले न्यूनतम ७(सात) दिनको समयसीमा राखी एक पटकको लागि प्रस्ताव आव्हानको पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

८) **प्रस्ताव दर्ता**

(१) कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रम गर्न मापदण्ड र शर्त पूरा गरेका ईच्छुक प्रस्तावकले अनुसूची ३, ४ र कार्यविधि बमोजिम पेश गरेका आवश्यक कागजातहरु संलग्न राखी पेश गरेको अनुसूची २ बमोजिमको निवेदन प्रस्ताव आ आफ्नो क्षेत्र अनुसार कृषि शाखा तथा पशु शाखाले दर्ता गर्नेछ।

९) **प्रारम्भिक सूची तयार गर्ने**

(१) कार्यालयले दर्ता भएका प्रस्तावहरुको सूचनामा माग भएका संलग्न गर्नुपर्ने कागजात समावेश भए नभएको, भर्नुपर्ने विवरणहरु भरे नभरेको, प्रस्ताव रीतपूर्वक पेश भए नभएको चेकलिस्ट अनुसार रुजु गरी प्रारम्भिक सूची तयार गर्नेछ। रीत नपुगी पेश भएका प्रस्तावहरुलाई कार्यालयले मूल्याङ्कन प्रकृयामा सहभागी गराइने छैन।

(२) तयार भएको प्रारम्भिक सूची र सम्पूर्ण कागजातहरु कार्यालयले मूल्याङ्कन तथा छनौट समितिलाई मूल्याङ्कन प्रयोजनका लागि उपलब्ध गराउनेछ।

१०) **प्रस्तावको मूल्याङ्कन तथा छनौट समिति**

(१) प्रस्तावको मूल्याङ्कन तथा छनौट समिति देहाय बमोजिम हुनेछः

मुसिकोट राजपत्र

(क) प्रमुख
-संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत
-सदस्य

(ग) आर्थिक विकास समितिका संयोजक
-सदस्य

(घ) सम्बन्धित वडा अध्यक्ष
-सदस्य

(ङ) प्रमुखले तोकेको कार्यपालिका सदस्य एक जना
-सदस्य

(च) प्रमुखले तोकेको नगरसभाको सदस्य (महिला) एक जना
-सदस्य

(छ) कृषि शाखा प्रमुख
-सदस्य

(ज) पशुसेवा शाखा प्रमुख
-सदस्य

(झ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत कर्मचारी
-सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ बढीमा २ जनालाई आमन्त्रण गर्न सक्नेछ । समितिले बढीमा पाँच वटा बैठकबाट कार्यसम्पादन गरिसक्नुपर्नेछ ।

(३) समितिले आफ्नो काम कारवाहीलाई अझै वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहने गरी उपसमिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उपसमितिको बैठक बस्नुपरेमा बढीमा तीन वटा बैठकबाट कार्यसम्पादन गर्नुपर्नेछ ।

(४) मूल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकारः

(क) स्थलगत अध्ययन अवलोकन गरी/गराई प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिले विश्लेषण र मूल्याङ्कन गर्ने ।

(ख) आवश्यकता अनुसार अधिकार प्रत्यायोजन गरी उपसमिति मार्फत कार्यसम्पादन गराई प्रतिवेदन लिने।

(ग) समितिले समग्र विषयवस्तुको विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम अनुसारको सूची तयार गरी अन्तिम सूची प्रकाशन गर्ने।

(घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले ७ (सात) दिनभित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेछ।

(ङ) समितिले तयार गरेको मूल्याङ्कन प्रतिवेदन आवश्यक राय तथा सिफारिस सहित नगरपालिकामा पेश गर्नुपर्नेछ।

(५) कार्यालयले योग्यताक्रम सूचीका प्रस्ताव सम्बन्धमा गुनासो पेश गर्न ७ (सात) दिनको म्याद दिई आशयको सूचना प्रकाशन गर्नेछ।

(६) योग्यताक्रम सूचीका प्रस्ताव उपर गुनासो पेश नभएमा आठौं दिन ७(सात) दिनभित्र सम्झौता गर्न आउन प्रस्तावकहरुलाई सूचना दिनुपर्नेछ।

(७) लिखित गुनासो पेश हुन आएमा उक्त गुनासो बढीमा सात दिनभित्र फछ्र्यौट गरेर मात्र अन्तिम योग्यताक्रम सूची प्रकाशन गर्नुपर्नेछ।

**११) मापदण्ड, लागत अनुमान र व्यवसायिक कार्ययोजना स्वीकृति**

(१) कार्यालयले स्वीकृत गरेको कार्यक्रमको छुट्टा छुट्टै संक्षिप्त मापदण्ड सम्झौतासाथ साझेदारलाई उपलब्ध गराउनेछ।

(२) सञ्चालन हुने कार्यक्रमको प्रस्ताव मूल्याङ्कनको मापदण्ड र शर्त यसै कार्यविधि बमोजिम हुनेछ।

(३) कार्यालयले साझेदारलाई मापदण्ड अनुसार लागत अनुमान तयार गर्न सहजीकरण गर्नेछ।

(४) सम्बन्धित कार्यक्रम/क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा साझेदारले लागत अनुमान र कार्यान्वयन कार्ययोजना तयार गरी कार्यालय समक्ष पेश गर्नेछ।

(५) कार्यालयले लागत अनुमान सहितको कार्ययोजना स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नेछ।

**१२) सम्झौता**

(१) छनौट भएका प्रस्तावकहरुसँग कार्यालयले अनुसूची ५ बमोजिम सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(२) छनौट भएका प्रस्तावकहरु समय सीमाभित्र सम्झौता गर्न नआएमा वैकल्पिक योग्यताक्रम सूचीका प्रस्तावकलाई बढीमा ७(सात) दिनको समयसीमा तोकी सम्झौताका लागि योग्यताक्रम अनुसार क्रमशः पत्राचार गरिनेछ।

(३) सम्झौता गर्नुअघि दोहोरो अनुदान सुविधा नलिएको स्वः घोषणा गर्नुपर्नेछ।

**१३) कार्यक्रम सञ्चालन सम्बन्धी पालना गर्नुपर्ने शर्त र प्रस्ताव मूल्याङ्कनको मापदण्ड**

**(क) च्याउ खेती कार्यक्रम**

**(i) शर्तहरु**

(१) भौगोलिक एवं अन्य प्राविधिक उपयुक्तता अनुकूल हुनेगरी कन्ये, गोब्रे वा सिताके च्याउ खेती गर्न सकिनेछ।

(२) नगरपालिकाको कृषि नीति अनुसार प्राथमिकता क्षेत्रमा च्याउ खेती गर्नेगरी पेश भएको प्रस्तावलाई छनौटमा प्राथमिकता दिइनेछ।

(३) च्याउ खेतीका लागि विनियोजित रकम (अनुदान र साझेदारी) बाट क्षमता विकास, कृषि पूर्वाधार निर्माण तथा सुधार र सामग्री खरिद हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(४) च्याउ खेती गर्ने निजी स्वामित्वको जग्गाको लागि कम्तिमा १० बर्षको लिज वा करार गरेको हुनुपर्नेछ। सामूहिक जग्गामा च्याउ खेती गर्ने गरी पेश भएको प्रस्तावलाई छनौटमा प्राथमिकता दिइनेछ।

मुसिकोट राजपत्र

## (ii) च्याउ खेती सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड

| खण्ड १ संस्थागत योजना र व्यवस्थापन (२५ अङ्क) | | | |
|---|---|---|---|
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ६ | प्रमाणपत्र/इजाजतपत्र |
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ४ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी समिति गठन भएको | ५ | बैठकको अभिलेख |
| ४ | कम्तिमा २ जना सम्बन्धित विषयमा तालिम प्राप्त वा अनुभवी सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | साझेदारीको हिस्सा बैंक खातामा जम्मा गरेको | ५ | बैंक विवरण |
| **खण्ड २ प्राविधिक र उत्पादन योजना ३० अंक** | | | |

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | नवीन, आधुनिक र वैज्ञानिक च्याउ खेती विधि प्रयोग गर्ने योजना | ८ | बीउ/ब्लक/ब्याग |
| २ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ६ | आवधिक उत्पादन, बिक्री र आय |
| ३ | गुणस्तर नियन्त्रण, प्याकेजिङ र भण्डारण योजना | ६ | गुण नियन्त्रण संयन्त्र र व्यवस्थापन योजना |
| ४ | उपयुक्त स्थान र पूर्वाधार संरचना | ५ | संरचना र स्थान |
| ५ | किट तथा रोग नियन्त्रण योजना | ५ | |

**खण्ड ३ बजार तथा बिक्री योजना (२० अंक)**

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | लक्षित उपभोक्ता र मागको अवस्था | ६ | स्थानीय बजार, होटल, विद्यालय |
| २ | अग्रीम खरिद बिक्री सम्झौता वा प्रतिवद्धतापत्र | ५ | |
| ३ | मूल्य निर्धारण र बिक्री वितरणको सञ्जाल | ५ | स्थानीय दररेट |
| ४ | बिक्री र आम्दानीको वास्तविक अनुमान | ४ | |
| **खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | महिला, आदिवासी, दलित वा विपन्न गरिबीको रेखामुनि रहेको समुदायको सहभागिता | **६** | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक<br><br>३१ देखि ५० प्रतिशत सम्म भए अधिकतम ४ अंक<br><br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| २ | स्थानीय रोजगारी सिर्जना | ५ | संख्या |
| ३ | स्थानीय स्रोतको प्रयोग हुने अवस्था | ४ | |
| **खण्ड ५ वित्तीय व्यवस्थापन र दिगोपना (१० अङ्क)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत योजना | ४ | |
| २ | अनुदान समाप्तिपछि प्राप्त हुने आयबाट कार्यक्रम संचालन गर्ने योजना | ३ | |
| ३ | बचत, पुनः लगानीको व्यवस्था र दिगो योजना | ३ | |

**(ख) फलफूल खेती प्रवर्द्धन कार्यक्रम**

**(i) <u>शर्तहरु</u>**

मुसिकोट राजपत्र

(१) भूगोल र जलवायु अनुकूल हुने गरी फलफूल खेती गर्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ । सुन्तला, आँप, किवी, अनार, लिची, कफी, शीतल चिनी, केरा, ड्रयागन फ्रुट, एभोकाडो, अम्बा, जुनार, कागती,अमला,पलम,मेवाजस्ता फलफूल खेती गर्न सकिनेछ ।

(२) फलफूल खेती गर्ने निजी स्वामित्वको जग्गाको लागि कम्तिमा १५ बर्षको भाडा वा लिज करार गरी लगानीको अधिकार प्राप्त गरेको हुनुपर्नेछ ।

(३) सामूहिक रुपमा एउटै चक्लामा व्यवस्थित रुपमा फलफूल खेती गर्नुपर्नेछ ।

(४) उन्नत/वर्णशङ्कर जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैँचा स्थापना गर्न सकिनेछ ।

(५) जैविक पद्धतिको अवलम्बन, पानी संरक्षण, किटनाशक एवं रासायनिक मलको न्यून प्रयोग गर्ने विषय कार्ययोजनामा उल्लेख गर्नुपर्नेछ ।

(६) कामदारको अनिवार्य रुपमा बीमा गर्नुपर्नेछ ।

(७) उपलब्ध बजेटको सीमा, पूर्वाधार र संरचनाको विद्यमानता, समूह वा सहकारीको माग प्रस्ताव, सामग्रीको उपलब्धता लगायतका आधारमा प्रति साझेदार अधिकतम १००० वटा सम्म फलफूलका विरुवा उपलब्ध गराउन सकिनेछ ।

**(ii) फलफूल खेती प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड**

| |
|---|
| **खण्ड १ संस्थागत क्षमता र व्यवस्थापन (२५ अङ्क)** |

मुसिकोट राजपत्र

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ५ | प्रमाणपत्र/इजाजतपत्र |
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ५ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी समिति गठन भएको | ५ | बैठकको अभिलेख |
| ४ | कम्तिमा २ जना अनुभवी वा तालिम प्राप्त सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | साझेदारीको हिस्सा बैंक खातामा जम्मा गरेको | ५ | बैंक विवरण |
| **खण्ड २ प्राविधिक र उत्पादन योजना ३० अंक** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | जलवायु अनुकूल फलफूलको | ८ | स्थानीय र उन्नत |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | प्रजाति छनौट गरेको | | |
| २ | फलफूल खेतीको व्यवस्थित योजना | ७ | रोपण, सिंचाई, मल, रोग नियन्त्रण |
| ३ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ५ | आवधिक उत्पादन बिक्री र आय |
| ४ | गुणस्तर नियन्त्रण, प्याकेजिङ र भण्डारण योजना | ५ | |
| ५ | पूर्वाधार संरचना र भूमिको उपयुक्तता | ५ | |
| **खण्ड ३ बजार तथा वित्तीय (२० अंक)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | लक्षित उपभोक्ता र मागको अवस्था | ६ | स्थानीय र बाह्य बजार तथा खपत |
| २ | अग्रीम खरिद-बिक्री सम्झौता वा प्रतिवद्धतापत्र | ५ | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| ३ | लागत-लाभ विश्लेषण | ५ | तीन बर्षको प्रक्षेपण |
| ४ | प्रशोधन र प्याकेजिङ योजना | ४ | |
| **खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | महिला, आदिवासी, दलित वा विपन्न र गरिबीको रेखामुनि रहेको समुदायको सहभागिता | **६** | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक<br>३१ देखि ५० प्रतिशत सम्म भए अधिकतम ४ अंक<br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |
| २ | स्थानीय रोजगारी सिर्जना | ५ | संख्या |
| ३ | स्थानीय स्रोतको प्रयोग हुने अवस्था | ४ | |
| **खण्ड ५ परियोजना व्यवस्थापन र दिगोपना (१० अङ्क)** | | | |

मुसिकोट राजपत्र

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत कार्ययोजना | ४ | |
| २ | जोखिम व्यवस्थापन योजना | ३ | |
| ३ | बचत, पुनः लगानी र आत्मनिर्भरता योजना | ३ | |

**(ग) गोला सहितको मौरीघार वितरण कार्यक्रम**

**(i ) शर्तहरु**

(१) स्थानीय जलवायु अनुकूल हुनेगरी मौरीको उपयुक्त प्रजाति(एपीस मेलिफेरा/ एपीस सेरेना) छनौट गर्नुपर्नेछ।

(२) सरकारी केन्द्र वा फार्ममा रहेका गोलाहरु मध्ये गुणस्तरीय, मजबुत, उत्पादनशील र उत्कृष्ट गोलाहरु छनौट गरी खरिद गर्नुपर्नेछ।

(३) कम्तिमा ५ वटा भर्टिकल फ्रेम भएको र आई. एस. आई. अनुरुप गोलाको मानक भएको हुनुपर्नेछ।

(४) मौरीघार घामको ताप र चिसो हावाबाट जोगिने, पानीको निकास र चाराको नजिक एवं अन्य जीवको जोखिमबाट सुरक्षित हुनेगरी व्यवस्थापन गर्नुपर्नेछ।

(५) रासायनिक तथा किटनाशक औषधिको प्रयोग गर्न पाइनेछैन।

मुसिकोट राजपत्र

(६) उपलब्ध बजेटको सीमा, पूर्वाधार संरचना र अन्य व्यवस्थापकीय विषयहरुको उपलब्धता, तालिम प्राप्त सदस्य वा मौरी पालन गरिरहेको अवस्था, समूह वा सहकारीको प्रस्तावमा माग गरेको विवरण लगायतका आधारमा प्रति साझेदार अधिकतम २५ वटा गोलासहितको मौरिघार र अन्य आवश्यक सामग्री समेत वितरण हुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ।

**(ii) <u>गोलासहितको मौरी घार वितरण सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड</u>**

| खण्ड १ संस्थागत क्षमता र व्यवस्थापन (२५ अङ्क) | | | |
|---|---|---|---|
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ५ | प्रमाणपत्र/इजाजतपत्र |
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ५ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी | ५ | बैठकको अभिलेख |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | समिति गठन भएको | | |
| ४ | कम्तिमा २ जना अनुभवी वा तालिम प्राप्त सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | साझेदारीको हिस्सा बैंक खातामा जम्मा गरेको | ५ | बैंक विवरण |
| **खण्ड २ प्राविधिक र उत्पादन योजना ३० अंक** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | उपयुक्त मौरीको प्रजाति छनौट गरेको | ७ | एपीस मेलिफेरा/ एपीस सेरेना |
| २ | मौरी व्यवस्थापन योजना | ७ | चारा, रोग नियन्त्रण, किट नियन्त्रण |
| ३ | मौरीघार स्थापना स्थल नजिक फूलबारी एवं वनक्षेत्र भएको | ६ | |
| ४ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ५ | उत्पादन, बिक्री र आय |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| ५ | गुणस्तर नियन्त्रण, प्याकेजिङ र भण्डारण योजना | ५ | |
| **खण्ड ३ बजार तथा वित्तीय योजना (२० अंक)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | लक्षित उपभोक्ता र मागको अवस्था | ६ | स्थानीय र बाह्य बजार तथा खपत |
| २ | अग्रीम खरिद-बिक्री सम्झौता वा प्रतिवद्धतापत्र | ५ | |
| ३ | लागत-लाभ विश्लेषण | ५ | तीन बर्षको प्रक्षेपण |
| ४ | प्रशोधन र प्याकेजिङ योजना | ४ | |
| **खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | महिला, आदिवासी, दलित वा विपन्न र गरिबीको रेखामुनि रहेको | ६ | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | समुदायको सहभागिता | | ३१ देखि ५० प्रतिशत सम्म भए अधिकतम ४ अंक<br><br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |
| २ | स्थानीय रोजगारी सिर्जना | ५ | संख्या |
| ३ | जैविक विधि र पर्यावरणमैत्री अभ्यासको अवलम्बन | ४ | |
| **खण्ड ५ परियोजना व्यवस्थापन र दिगोपना (१० अङ्क)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत कार्ययोजना | ४ | |
| २ | जोखिम व्यवस्थापन योजना | ३ | |
| ३ | बचत, पुनः लगानी र आत्मनिर्भरता योजना | ३ | |

**(घ) बाख्रा प्रवर्द्धन कार्यक्रम**



मुसिकोट राजपत्र

**(i ) शर्तहरु**

(१) बाख्राको बिमा गर्ने अभ्यास भएका समूह वा सहकारीको प्रस्तावलाई छनौटमा प्राथमिकता दिइनेछ ।

(२) टहरा वा खोर निर्माण हुने जग्गा समूह वा सहकारीको आफ्नै नाममा वा भाडामा लिने भए सम्बन्धित निकायको सिफारिस भई १० बर्षको करारनामा भएको हुनुपर्नेछ ।

(३) उपलब्ध बजेटको सीमा, माग प्रस्ताव, पूर्वाधार तथा संरचनाको विद्यमानता लगायतका आधारमा प्रति साझेदार १५ वटा बाख्रा  तथा आवश्यक सामग्री वितरण गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**(ii) बाख्रा प्रबर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड**

| खण्ड १ संस्थागत क्षमता र व्यवस्थापन (२५ अङ्क) | | | |
|---|---|---|---|
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ५ | प्रमाणपत्र/इजाजतपत्र |
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ५ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी समिति गठन भएको | ५ | बैठकको अभिलेख |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| ४ | कम्तिमा २ जना अनुभवी वा तालिम प्राप्त सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | साझेदारीको हिस्सा बैंक खातामा जम्मा गरेको प्रमाण | ५ | बैंक विवरण |
| **खण्ड २ प्राविधिक र उत्पादन योजना ३० अंक** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | उपयुक्त बाख्रको प्रजाति छनौट गरेको | ७ | उन्नत र स्थानीय |
| २ | बाख्रापालनको योजना | ७ | रोग नियन्त्रण, खोर निर्माण |
| ३ | बाख्रापालन गरिरहेको र उपयुक्त चरनक्षेत्र भएको | ६ | |
| ४ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ५ | उत्पादन, बिक्री र आय |
| ५ | मासु उत्पादन सम्बन्धी प्रारम्भिक | ५ | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | योजना | | |

**खण्ड ३ बजार तथा वित्तीय योजना (२० अंक)**

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | लक्षित उपभोक्ता र मागको अवस्था | ६ | स्थानीय र बाह्य बजार तथा खपत |
| २ | अग्रीम खरिद-बिक्री सम्झौता वा प्रतिवद्धतापत्र | ५ | |
| ३ | लागत-लाभ विश्लेषण | ५ | तीन बर्षको प्रक्षेपण |
| ४ | प्रशोधन र प्याकेजिङ योजना | ४ | |

**खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)**

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | महिला, आदिवासी, दलित वा विपन्न र गरिबीको रेखामुनि रहेको समुदायको सहभागिता | ६ | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक<br>३१ देखि ५० प्रतिशत |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | | | सम्म भए अधिकतम ४ अंक<br><br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |
| २ | स्थानीय रोजगारी सिर्जना (संख्या) | ५ | |
| ३ | जैविक विधि र पर्यावरणमैत्री अभ्यासको अवलम्बन | ४ | |

**खण्ड ५ परियोजना व्यवस्थापन र दिगोपना (१० अङ्क)**

| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
|---|---|---|---|
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत कार्ययोजना | ४ | |
| २ | जोखिम व्यवस्थापन योजना | ३ | |
| ३ | बचत, पुनः लगानी र आत्मनिर्भरता योजना | ३ | |

**(ङ) महिला दिदीबहिनीद्धारा कृषि उपज साना उद्योग सञ्चालन**

**(i ) शर्तहरु**

(१) एकल महिला, दलित, विपन्न, आदिवासी, सीमान्तकृत, अपाङ्गता भएका महिलाको अधिकतम सदस्यता रहेको समूह वा सहकारीलाई प्राथमिकता दिईनेछ।

(२) कृषिमा आधारित साना उद्योग सञ्चालन अर्थात् गुन्द्रुक, जाम, जेली, सुकुटी,मस्यौरा,अचार इत्यादि उत्पादन गर्ने उद्देश्य हुनुपर्नेछ।

(३) उद्योगमा प्रयोग हुने कच्चा पदार्थ स्थानीय स्तरमा उत्पादन हुने भएमा त्यस्तो समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ।

(४) यस कार्यक्रमका लाभग्राही महिला दिदी बहिनीहरु मात्र हुन सक्नेछन।

**(ii) <u>कृषि उद्यमी कार्यक्रम सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड</u>**

| खण्ड १ संस्थागत क्षमता र व्यवस्थापन (२५ अङ्क) | | | |
|---|---|---|---|
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ५ | प्रमाणपत्र/इजाजतपत्र |
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ५ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी | ५ | बैठकको अभिलेख |

| | | | |
|---|---|---|---|
| | समिति गठन भएको | | |
| ४ | कम्तिमा २ जना अनुभवी वा तालिम प्राप्त सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | लगानीको हिस्सा बैंक खातामा जम्मा गरेको | ५ | बैंक विवरण |

**खण्ड २ प्राविधिक र उत्पादन योजना ३० अंक**

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | उपयुक्त कृषि उद्यम छनौट गरेको | ७ | जाम/गुद्रुक/जेली/अचार आदि |
| २ | कृषि उपज साना उद्योगको योजना | ७ | निर्माण/संचालन/उत्पादन/प्रशोधन/प्याकेजिङ |
| ३ | उद्योग संचालन गर्ने स्थानमा कच्चा पदार्थको उपलब्धता भएको | ६ | |
| ४ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ५ | आवधिक उत्पादन, बिक्री र आम्दानी |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| ५ | गुणस्तर नियन्त्रण, प्याकेजिङ र भण्डारण योजना | ५ | |
| **खण्ड ३ बजार तथा वित्तीय योजना (२० अंक)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | लक्षित उपभोक्ता र बजारमा मागको अवस्था | ६ | स्थानीय र बाह्य बजार र खपत |
| २ | अग्रीम खरिद-बिक्री सम्झौता वा प्रतिवद्धतापत्र | ५ | |
| ३ | लागत-लाभ विश्लेषण | ५ | तीन बर्षको प्रक्षेपण |
| ४ | प्रशोधन र प्याकेजिङ योजना | ४ | |
| **खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | महिला, आदिवासी, दलित वा विपन्न र गरिबीको रेखामुनि | **६** | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | रहेको समुदायको सहभागिता (न्युनतम ३०प्रतिशत सदस्य) | | ३१ देखि ५० प्रतिशत सम्म भए अधिकतम ४ अंक<br><br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |
| २ | स्थानीय रोजगारी सिर्जना (संख्या) | ५ | |
| ३ | जैविक विधि र पर्यावरणमैत्री अभ्यासको अवलम्बन | ४ | |

**खण्ड ५ परियोजना व्यवस्थापन र दिगोपना (१० अङ्क)**

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत कार्ययोजना | ४ | |
| २ | जोखिम व्यवस्थापन योजना | ३ | |
| ३ | बचत, पुनः लगानी र आत्मनिर्भरता योजना | ३ | |

मुसिकोट राजपत्र

**(च) मत्स्य/हाँस प्रवर्द्धन कार्यक्रम**

**(i ) शर्तहरु**

(१) मत्स्य/हाँसको बिमा गर्ने अभ्यास भएका समूह वा सहकारीलाई प्राथमिकता दिइनेछ।

(२) मत्स्य पोखरी तथा हाँसको खोर निर्माण हुने जग्गा समूह वा सहकारीको आफ्नै नाममा वा भाडामा लिने भए सम्बन्धित निकायको सिफारिस भई न्यूनतम १० बर्षको करारनामा भएको हुनुपर्नेछ।

(३) प्रति साझेदार अधिकतम ५०० वटा हाँस र सोसँग सम्बन्धित संरचना निर्माण वा सुधार तथा आवश्यक सामग्री वितरण हुनेगरी कार्यक्रम सञ्चालन गरिनेछ। पूर्वाधार संरचनाको विद्यमानता, बजेटको सीमा, समूह वा सहकारीको प्रस्तावमा माग भएको विवरण, प्राविधिक लागत अनुमान लगायतका आधारमा मत्स्यका भूरा तथा सोसँग सम्बन्धित सामग्री वितरण गरिनेछ।

(४) मत्स्य र हाँस संयुक्त रुपमा पालन गर्ने समूह वा सहकारीलाई छनौटमा प्राथमिकता दिइनेछ।

**(ii ) मत्स्य/हाँस प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड**

| खण्ड १ संस्थागत क्षमता र व्यवस्थापन (२५ अङ्क) | | | |
|---|---|---|---|
| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ५ | प्रमाणपत्र/इजाजतपत्र |

| | | | |
|---|---|---|---|
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ५ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी समिति गठन भएको | ५ | बैठकको अभिलेख |
| ४ | कम्तिमा २ जना अनुभवी वा तालिम प्राप्त सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | साझेदारीको हिस्सा बैंक खातामा जम्मा गरेको प्रमाण | ५ | बैंक विवरण |
| **खण्ड २ प्राविधिक र उत्पादन योजना (३० अंक)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | उपयुक्त मत्स्य/हाँस को प्रजाति छनौट गरेको | ७ | उन्नत र स्थानीय |
| २ | मत्स्य/हाँस को योजना | ७ | क्षेत्र छनौट, रोग नियन्त्रण, खोर निर्माण |
| ३ | मत्स्य/हाँस पालन गरिरहेको र | ६ | |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | उपयुक्त चरनक्षेत्र भएको | | |
| ४ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ५ | आवधिक उत्पादन लक्ष्य |
| ५ | मासु उत्पादन सम्बन्धी प्रारम्भिक योजना | ५ | |
| **खण्ड ३ बजार तथा वित्तीय योजना (२० अंक)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | लक्षित उपभोक्ता र मागको अवस्था | ६ | स्थानीय र बाह्य बजार र खपत |
| २ | अग्रीम खरिद-बिक्री सम्झौता वा प्रतिवद्धतापत्र | ५ | |
| ३ | लागत-लाभ विश्लेषण | ५ | तीन बर्षको प्रक्षेपण |
| ४ | प्रशोधन र प्याकेजिङ योजना | ४ | |
| **खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)** | | | |

मुसिकोट राजपत्र

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | महिला, आदिवासी, दलित वा विपन्न र गरिबीको रेखामुनि रहेको समुदायको सहभागिता | ६ | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक<br>३१ देखि ५० प्रतिशत सम्म भए अधिकतम ४ अंक<br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |
| २ | स्थानीय रोजगारी सिर्जना | ५ | संख्या |
| ३ | जैविक विधि र पर्यावरणमैत्री अभ्यासको अवलम्बन | ४ | |

**खण्ड ५ परियोजना व्यवस्थापन र दिगोपना (१० अङ्क)**

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत कार्ययोजना | ४ | |

| | | | |
|---|---|---|---|
| २ | जोखिम व्यवस्थापन योजना | ३ | |
| ३ | बचत, पुनः लगानी र आत्मनिर्भरता योजना | ३ | |

**छ . गाई/भैसी प्रवर्द्धन कार्यक्रम**

**(i ) शर्त**

(१) गाई/भैसीको बिमा गर्ने अभ्यास भएका समूह वा सहकारीको प्रस्तावलाई छनौटमा प्राथमिकता दिइनेछ ।

(२) गाई/भैसीको खोर निर्माणका लागि आवश्यक पर्ने जग्गा समूह वा सहकारीको आफ्नै नामको वा भाडामा लिने भए सम्बन्धित निकायको सिफारिस भई १० बर्षको करारनामा भएको हुनुपर्नेछ ।

(३) यस कार्यक्रम अन्तर्गत रैथाने वन उन्नत नश्लका गाई/भैसी या साँढे/रागा खरिद, गोठ निर्माण तथा सुधार, आवश्यक सामग्री खरिद, मेसिनरी औजार तथा उपकरण खरिद, उन्नत घाँस खेती, नश्ल सुधार, औषधी,उपचार/खोप, मल मुत्र तथा मलखाद व्यवस्थापन लगायतका क्रियाकलाप सञ्चालन गरिनेछ ।

(४) प्रति साझेदार न्यूनतम ५ वटा देखि अधिकतम १० वटा सम्म माउ गाई/भैसी,साँढे/राँगो समेत र आवश्यक सामग्री वितरण तथा गोठ सुधार गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ

**(ii) गाई/भैसी प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड**

| खण्ड १ संस्थागत क्षमता र व्यवस्थापन (२५ अङ्क) | | | |
|---|---|---|---|
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ५ | प्रमाणपत्र/इजाजतपत्र |
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ५ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी समिति गठन भएको | ५ | बैठकको अभिलेख |
| ४ | कम्तिमा २ जना अनुभवी वा तालिम प्राप्त सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | साझेदारीको हिस्सा बैंक खातामा जम्मा गरेको | ५ | बैंक विवरण |
| **खण्ड २ प्राविधिक र उत्पादन योजना ३० अंक** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| १ | उपयुक्त गाई/भैसी को प्रजाति छनौट गरेको | ७ | उन्नत र स्थानीय |
| २ | गाई/भैसी पालनयोजना (उन्नत जात, रोग नियन्त्रण, खोर निर्माण) | ७ | |
| ३ | गाई/भैसी पालन गरिरहेको र उपयुक्त चरनक्षेत्र भएको | ६ | |
| ४ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ५ | आवधिक उत्पादन र बिक्री लक्ष्य |
| ५ | दुध उत्पादन सम्बन्धी प्रारम्भिक योजना | ५ | |
| **खण्ड ३ बजार तथा वित्तीय योजना (२० अंक)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | लक्षित उपभोक्ता र मागको अवस्था | ६ | स्थानीय र बाह्य बजार र खपत |
| २ | अग्रीम खरिद-बिक्री सम्झौता वा | ५ | |

| | | | |
|---|---|---|---|
| | प्रतिवद्धतापत्र | | |
| ३ | लागत-लाभ विश्लेषण | ५ | तीन बर्षको प्रक्षेपण |
| ४ | प्रशोधन र प्याकेजिङ योजना | ४ | |
| | **खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)** | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | महिला, आदिवासी, दलित वा विपन्न र गरिबीको रेखामुनि रहेको समुदायको सहभागिता | **६** | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक<br><br>३१ देखि ५० प्रतिशत सम्म भए अधिकतम ४ अंक<br><br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |
| २ | स्थानीय रोजगारी सिर्जना | ५ | संख्या |
| ३ | जैविक विधि र पर्यावरणमैत्री अभ्यासको अवलम्बन | ४ | |
| | **खण्ड ५ परियोजना व्यवस्थापन र दिगोपना (१० अङ्क)** | | |

मुसिकोट राजपत्र

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत कार्ययोजना | ४ | |
| २ | जोखिम व्यवस्थापन योजना | ३ | |
| ३ | बचत, पुनः लगानी र आत्मनिर्भरता योजना | ३ | |

**ज. कुखुरा प्रवर्द्धन कार्यक्रम**

**(i ) शर्तहरु**

(१) कुखुराहरुको बिमा गर्ने अभ्यास भएका समूह /सहकारीलाई छनौटमा प्राथमिकता दिइनेछ।

(२) खोर निर्माण हुने जग्गा समूह तथा सहकारीको आफ्नै नाममा भएको वा भाडा/ लिजमा लिने भए सम्बन्धित निकायको सिफारिस भई न्यूनतम १० बर्षको करारनामा भएको हुनुपर्नेछ।

(३) प्रति समूह वा सहकारीका  लागि अधिकतम १००० वटा कुखुरा तथा सोसँग सम्बन्धित संरचनाको मर्मत/सुधार तथा सामग्री वितरण हुनेगरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

## (ii) कुखुरा प्रवर्द्धन कार्यक्रम सम्बन्धी प्रस्ताव मूल्याङ्कनको मापदण्ड

| खण्ड १ संस्थागत क्षमता र व्यवस्थापन (२५ अङ्क) | | | |
|---|---|---|---|
| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
| १ | समूह/सहकारी नगरपालिकामा दर्ता/नवीकरण भएको | ५ | प्रमाणपत्र/इजाजतपत्र |
| २ | बैंक खाता भएको र वित्तीय स्थिति पारदर्शी भएको | ५ | चेक/ अडिट रिपोर्ट |
| ३ | न्यूनतम ५ सदस्यीय कार्यकारी समिति गठन भएको | ५ | बैठकको अभिलेख |
| ४ | कम्तिमा २ जना अनुभवी वा तालिम प्राप्त सदस्य रहेको | ५ | अनुभव वा तालिमको प्रमाणित कागजात |
| ५ | साझेदारीको हिस्सा बैंक खातामा जम्मा गरेको प्रमाण | ५ | बैंक विवरण |
| खण्ड २ प्राविधिक र उत्पादन योजना ३० अंक | | | |

मुसिकोट राजपत्र

| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
|---|---|---|---|
| १ | उपयुक्त कुखराको प्रजाति छनौट गरेको | ७ | उन्नत र स्थानीय |
| २ | कुखरापालनको योजना | ७ | उन्नत जात, रोग नियन्त्रण, खोर निर्माण |
| ३ | कुखुरापालन गरिरहेको र उपयुक्त चरन क्षेत्र भएको | ६ | |
| ४ | स्पष्ट उत्पादन लक्ष्य निर्धारण गरेको | ५ | आवधिक उत्पादन, बिक्री र आय योजना |
| ५ | मासु उत्पादन सम्बन्धी प्रारम्भिक योजना | ५ | |
| **खण्ड ३ बजार तथा वित्तीय योजना (२० अंक)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | लक्षित उपभोक्ता र मागको | ६ | स्थानीय र बाह्य बजार र |

मुसिकोट राजपत्र

| | | | |
|---|---|---|---|
| | अवस्था | | खपत |
| २ | अग्रीम खरिद-बिक्री सम्झौता वा प्रतिवद्धतापत्र | ५ | |
| ३ | लागत-लाभ विश्लेषण | ५ | तीन बर्षको प्रक्षेपण |
| ४ | प्रशोधन र प्याकेजिङ योजना | ४ | |
| **खण्ड ४ सामाजिक प्रभाव र समावेशीकरण (१५ अङ्क)** | | | |
| **क्र सं** | **मापदण्ड** | **अधिकतम अंक** | **कैफियत** |
| १ | महिला, आदिवासी, दलित वा विपन्न र गरिबीको रेखामुनि रहेको समुदायको सहभागिता | **६** | ३० प्रतिशत सम्म भए अधिकतम २ अंक<br><br>३१ देखि ५० प्रतिशत सम्म भए अधिकतम ४ अंक<br><br>५१ प्रतिशतभन्दा बढी भए अधिकतम ६ अंक |
| २ | स्थानीय रोजगारी सिर्जना | ५ | संख्या |
| ३ | जैविक विधि र पर्यावरणमैत्री अभ्यासको अवलम्बन | ४ | |

मुसिकोट राजपत्र

| खण्ड ५ परियोजना व्यवस्थापन र दिगोपना (१० अङ्क) | | | |
|---|---|---|---|
| क्र सं | मापदण्ड | अधिकतम अंक | कैफियत |
| १ | अनुदान/बजेट कार्यान्वयनको विस्तृत कार्ययोजना | ४ | |
| २ | जोखिम व्यवस्थापन योजना | ३ | |
| ३ | बचत, पुनः लगानी र आत्मनिर्भरता योजना | ३ | |

**१४) सबै कार्यक्रमको हकमा समान रुपमा लागू हुने शर्तहरु**

(१) हरेक कार्यक्रमका लागि प्रस्ताव मूल्याङ्कनको पूर्णाङ्क १०० र प्राप्त गर्नुपर्ने न्यूनतम अंक ६० हुनेछ। न्यूनतम अंक प्राप्त गर्न नसकेको प्रस्तावक समूह वा सहकारीलाई छनौट प्रकृयामा सहभागी गराइने छैन।

(२) अन्य निकायबाट दोहोरो पर्ने गरी अनुदान प्राप्त गरेको प्रमाणित भएमा नगरपालिकाबाट त्यस्तो साझेदारसँग सम्झौता रद्द गरी कानुन बमोजिम कारवाही गरिनेछ।

(३) समूह वा सहकारीका सदस्यमध्येबाट करिब ३०% लक्षित वर्गका सदस्यलाई मात्र छनौट गरी पहिलो चरणमा कार्यक्रम वितरण गर्न सकिनेछ। सबै लक्षित समूहका सदस्य मात्र भएका समूह वा सहकारीले कार्यक्रमबाट प्राप्त हुन सक्ने अनुदान, सामग्रीको परिमाण र अन्य पूर्वाधार

मुसिकोट राजपत्र

संरचना एवं स्थानीय स्रोतको उपलब्धता समेतका आधारमा सीमित सदस्य छनौट गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछन्।

(४) समूह वा सहकारीले आफ्नो बार्षिक मुनाफाको कम्तिमा १० % रकम अनिवार्य रुपमा सामूहिक बचत कोषमा जम्मा गर्ने गरी योजना पेश गर्नुपर्नेछ। साथै आकस्मिक तथा जोखिम व्यवस्थापन योजना समेत पेश गर्नुपर्नेछ।

(५) प्रचलित  कानुन बमोजिम लागत अनुमान आवश्यक पर्ने कार्यहरुको हकमा प्राविधिक लागत अनुमान बमोजिम खरिद/निर्माण/मर्मत तथा सुधारसम्बन्धी कार्य गर्नुपर्नेछ।

(६) यस कार्यविधि बमोजिमका कार्यक्रम अन्तर्गत खरिद सम्बन्धी कार्य गर्दा दररेट तोकिएकोमा स्वीकृत जिल्ला/स्थानीय दररेट अनुसार र नतोकिएकोमा प्रचलित खरिद कानुन बमोजिमको उपयुक्त विधिबाट खरिद गर्नुपर्नेछ।

(७) अनुदानबाट खरिद भएको पूँजीगत सम्पत्ति नगरपालिकाको हुनेछ। यस्तो सम्पत्ति न्यूनतम १० बर्षसम्म सम्बन्धित परियोजनामा प्रयोग गर्नुपर्नेछ। अनुदानमा खरिद भएको सम्पत्ति बिक्री वा हस्तान्तरण गर्दा नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ।

(८) कार्यक्रमको स्वीकृत प्रस्तावना अनुसार तालिम, पूर्वाधार निर्माण, मर्मत/सुधार र सामग्री/ उपकरण खरिद लगायतका कार्यका लागि कार्यक्रम सञ्चालन/अनुदान वितरण हुन सक्नेछ।

(९) अनुदानग्राहीले कार्यक्रम सञ्चालनको सम्झौता भएपछि कार्यस्थलमा सार्वजनिक सूचनापाटी सबैले देख्ने गरी राख्नुपर्नेछ। यस्तो सूचनापाटीमा कार्यक्रमको नाम, कार्यक्रम सञ्चालन गर्ने समूह वा सहकारीको नाम र ठेगाना, कूल लागत रकम (अनुदान रकम र साझेदारीको हिस्साको रकम), कार्यक्रम अवधि (शुरु र सम्पन्न हुने मिति), लाभग्राही संख्या (महिला, पुरुष, जम्मा, दलित, जनजाति र अन्य) अनिवार्य रुपमा खुलाउनु पर्नेछ।

मुसिकोट राजपत्र

१५) **अनुदान र वितरण**

(१) समूह वा सहकारी परिचालन मार्फत महिलाहरु, दलित, अल्पसंख्यक/आदिवासी तथा अति विपन्न समुदाय लक्षित उत्पादन तथा आय आर्जनमूलक कार्यक्रम अन्तर्गत स्वीकृत बजेटको सीमाभित्र रही कार्यक्रममा कृषक समूह/कृषि सहकारीको सहभागिता रहने भएमा नगरपालिकाको ९० (नब्बे) प्रतिशत अनुदान र समूह/सहकारीको १० (दश) प्रतिशत साझेदारीको हिस्सा रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम निजी क्षेत्र समेतको साझेदारीमा कार्यान्वयन गर्ने भए ५०(पचास)/ ५०(पचास) प्रतिशत साझेदारी मोडलमा सञ्चालन गरिनेछ ।

१६) **अनुगमनः** कार्यालयले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार छुट्टाछुट्टै वा संयुक्त रुपमा अनुगमन निरीक्षण गर्न सक्नेछ ।यसरी भएको अनुगमन समितिबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषणको पालना गर्नु साझेदारको कर्तव्य हुनेछ ।

१७) **साझेदार संस्थाको दायित्वः** अनुदानमा कार्यक्रम सञ्चालन गर्ने साझेदार संस्थाको दायित्व र कर्तव्य देहाय बमोजिम हुनेछन् । यस्ता दायित्व र कर्तव्यहरु साझेदार संस्थाले आफ्नो विधानमा समावेश गर्नुपर्नेछ।

(१) अनुदान रकमको प्रयोग कार्यक्रम सम्झौता र उद्देश्य अनुरुप हुनेगरी गर्ने,

(२) कार्यक्रमसँग सम्बन्धित प्रचलित कानून कार्यविधि एवं मापदण्डको पालना गर्ने,

(३) आफ्ना काम कारवाही पारदर्शी र जवाफदेही रुपमा सम्पादन गर्ने,

(४) कार्यक्रम सञ्चालनका सम्बन्धमा आय व्ययको विवरण, रसिद तथा भौचरहरुको अभिलेख राख्ने,

(५) कार्यक्रम कार्यान्वयनको आवधिक (मासिक, त्रैमासिक र बार्षिक) रुपमा प्रगति प्रतिवेदन पठाउने,

(६) सदस्यहरुको हित, समानता, सदस्य शिक्षा र लाभ वितरणमा निष्पक्षता कायम गर्ने,

मुसिकोट राजपत्र

(७) कार्यक्रम कार्यान्वयन कार्ययोजना निर्माण ,गुणस्तर सुनिश्चितता र कार्यतालिका अनुरुप कार्यसम्पादन गर्ने,

(८) अनुदानबाट खरिद भएको सामग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापन, सुरक्षा र सामूहिक निर्णयबाट उचित प्रयोग गर्ने,

(९) स्थानीय स्रोत र श्रमको अधिकतम उपयोग, सामुदायिक सहभागिता र ज्ञान हस्तान्तरण हुने व्यवस्था मिलाउने,

(१०) पर्यावरणमैत्री, जैविक विविधतायुक्त एवं प्राकृतिक स्रोतको संरक्षण हुनेगरी कार्यसम्पादन गर्ने,

(११) महिला, आदिवासी, दलित, विपन्न समुदायको हित, आय अभिवृद्धि, सशक्तिकरण गर्नेगरी कार्यसम्पादन गर्ने ,

(१२) उच्च व्यवसायिक नैतिकता, निष्पक्षता र उत्तरदायित्व प्रवर्द्धन गर्ने,

(१३) कार्यक्रम कार्यान्वयन गर्न नसकेमा वा खर्च हुन नसकेको अनुदान फिर्ता गर्ने,

(१४) कार्यक्रमका सम्बन्धमा अनुगमन समिति एवं तोकिएको प्राविधिकबाट प्राप्त पृष्ठपोषणको पालना गर्ने

(१५) सदस्यहरु क्षमता विकासका कार्यक्रममा सहभागी हुने

(१६) सम्बन्धित कार्यक्रमबाट सिर्जित सम्पत्तिको बीमा गर्ने, जोखिम तथा आकस्मिक व्यवस्थापन योजना बनाउने, कोषको व्यवस्थित सञ्चालन गर्ने, बचत तथा पुनःलगानी हुने व्यवस्था गर्ने

(१७) बैठक, छलफल, साधारण सभा आदि मार्फत संस्थालाई सक्रिय र जीवन्त बनाउने ।

१८) **कारवाहीः** अनुदान रकमको दुरुपयोग गरेको पाइएमा त्यस्तो समूह वा सहकारीलाई नकारात्मक सूचीमा राखी प्रचलित कानून बमोजिम दुरुपयोग रकम सरकारी बाँकी सरह असूल उपर गर्न प्रकृया अगाडि बढाइनेछ ।

१९) **संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।कार्यालयले निर्णय गरी कार्यविधिको अनुसूचीहरुमा आवश्यक संशोधन गर्न सक्नेछ

मुसिकोट राजपत्र

## परिच्छेद ४(चार)
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

(१) सम्झौता बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्दा प्रचलित खरिद ऐन/नियमावली बमोजिम कार्यालयले खरिद गरी अनुदानित मूल्यमा उपलब्ध गराउन सक्नेछ।

(२) साझेदारले बील भरपाई प्राविधिक कार्यसम्पन्न प्रतिवेदन कार्यसम्पन्न खुल्ने फोटो लगायत आवश्यक कागजात सहित तोकिएको समयभित्रै कार्यालयमा भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम कागजात सहित निवेदन पेश भइसकेपछि अनुगमन समिति वा कार्यालयले खटाएको प्राविधिकबाट स्थलगत निरीक्षण गरी पेश गरेको अनुगमन प्रतिवेदनका आधारमा कार्यालयले सम्बन्धित साझेदारको बैक खातामा भुक्तानी दिनेछ।

(४) सम्झौता हुनुभन्दा पहिले नैं सम्पादन/सम्पन्न भएका कार्यका लागि अनुदान उपलब्ध गराइनेछैन।

२०) **अनुदान भुक्तानी तरिका**

यस कार्यविधि बमोजिम साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरुको अनुदान रकम वितरण/भुक्तानी देहाय बमोजिम हुनेछ।

| **किस्ता** | **भुक्तानी हुने प्रतिशत (अधिकतम)** | **शर्त** | **कैफियत** |
|---|---|---|---|
| प्रथम | ५० | १० प्रतिशत साझेदारीको हिस्सा बैंक जम्मा गरी कार्यारम्भ गरेपश्चात | |
| दोस्रो | ३० | ६० प्रतिशत कार्य सम्पन्न | |

| | | | |
|---|---|---|---|
| | | गरेपश्चात अनुगमन प्रतिवेदनको आधारमा | |
| तेस्रो | २० | कार्य सम्पन्न भएपश्चात | |

**अनुसूची १**

**दफा ७ को उपदफा (१) सँग सम्बन्धित**

**प्रस्ताव आव्हानको सूचना**

.......... पटक प्रकाशित

मितिः

यस कार्यालयबाट आर्थिक बर्ष ............. का लागि ............... अनुदान अन्तर्गत स्वीकृत ....................**कार्यक्रम** अनुसार तपशीलमा उल्लिखित कार्यक्रम सञ्चालन गर्न यस नगरपालिकामा दर्ता/अद्यावधिक भएका र चालु बर्षमा कुनै सरकारी अनुदान कार्यक्रम सञ्चालन नगरेका इच्छुक कृषक समूह एवं कृषि सम्बद्ध कार्य गर्ने सहकारीबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायका कागजात संलग्न राखी यस कार्यालयको कृषि/पशु शाखा समक्ष प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । रीत नपुगेका एवं म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नगरिने व्यहोरा सूचित गरिन्छ ।

आवेदन गर्न सकिने कार्यक्रमहरु

मुसिकोट राजपत्र

**(१)** ……………..

**(२)** …………..

संलग्न गर्नु पर्ने कागजातहरु

(१) अनुसूची २ बमोजिमको आवेदन

(२) समूह वा सहकारी दर्ता प्रमाणपत्र इजाजतपत्र

(३) मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर र करचुक्ता प्रमाणपत्र

(४) समूह सहकारीको विधान/प्रबन्धपत्र/नियमावली/उद्देश्य पुष्टि हुने कागजात

(५) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी संस्थागत निर्णय

(६) अनुसूची ३ बमोजिमको प्रतिवद्धतापत्र

(७) अनुसूची ४ बमोजिमको व्यवसायिक कार्ययोजना

(८) कार्यालयबाट माग भएका अन्य आवश्यक कागजात।

मुसिकोट राजपत्र

**अनुसूची २**

**दफा ७ को उपदफा (३) सँग सम्बन्धित**

**आवेदन**

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

मुसिकोट  नगरपालिका,गुल्मी।

विषयः  प्रस्ताव पेश गरिएको सम्बन्धमा।

महोदय,

तहाँ कार्यालयबाट मिति............... मा प्रकाशित सूचना अनुसार ..........................कार्यक्रम सञ्चालन गर्न इच्छुक रहेकोले साथै गत आर्थिक बर्षमा कुनै पनि प्रकारको कृषि अनुदान प्राप्त नगरेको र चालु बर्षमा यस्ता प्रकारका कुनै सरकारी अनुदान कार्यक्रम सञ्चालन नगरेकोले तपसिलका आवश्यक कागजात सहित यो प्रस्ताव पेश गरेको छु/छौं । कार्यविधिका मापदण्ड र शर्त पालना गरी कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्धता गर्दछु/छौं । सम्झौता र कार्यविधि विपरीतका कार्यहरु गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागीदार हुन मञ्जुर छु/छौं ।

**संलग्न कागजात**

(१)...............

(२)..................

आवेदकको

नामः

पदः

ठेगानाः

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

समूह वा सहकारीको

नामः

छापः

सम्पर्क नः

मुसिकोट राजपत्र

## अनुसूची ३

## दफा ७ को उपदफा (३) सँग सम्बन्धित

## प्रतिवद्धता पत्र

मसिकोट नगरपालिका, गुल्मीको मिति..................... प्रकाशित सूचना अनुसार हाम्रो....................... समूह/सहकारीले ...........................कार्यक्रम सञ्चालनका लागि इच्छुक भई आवश्यक कागजात सहित आवेदन पेश गरेको/का छु/छौ । उक्त कार्यक्रममा छनौट भएमा व्यवसायिक योजना उल्लेख भए बमोजिमको कार्य मापदण्ड र शर्तको पालना गरी कार्यान्वयन गर्ने प्रतिवद्धता गर्दछु/छौं । साथै कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तपशील बमोजिमका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानून बमोजिम सहुला/बुझाउँला । यस कार्यक्रममा छनौट भएको खण्डमा दोहोरो अनुदान सुविधा लिनेछैन ।

**तपशीलः**

(१) यस कार्यक्रमले वातावरण र सामाजिक रुपमा प्रतिकूल असर गर्नेछैन ।

(२) कुनै वित्तीय संस्था वा सरकारी निकायबाट कालो सूचीमा परेको छैन ।

(३) छनौट भएको खण्डमा न्यूनतम ..........बर्षसम्म व्यवसाय निरन्तर सञ्चालन गर्नेछु ।

आवेदकको

नामः — औंठा

छाप

पदः — दाँया

बाँया

सम्पर्क नम्बरः

दस्तखतः

मितिः

संस्थाको नामः

ठेगानाः

संस्थाको छापः

मुसिकोट राजपत्र

**अनुसूची ४**

**दफा ७ को उपदफा (४) सँग सम्बन्धित**

**व्यवसायिक कार्ययोजना**

**(क) कार्यक्रमको संक्षिप्त परिचय**

१. कार्यक्रमको नामः

२. कार्यक्रम संचालन गरिने स्थानः

३. कार्यक्रमको किसिमः

४. कार्यक्रम सञ्चालनको समयावधिः मिति ................देखि........................सम्म

५. आवेदकको नाम र ठेगाना :

६. कार्यक्रमको कूल लागत रकमः

७. सम्पर्क व्यक्तिः

**(ख) कार्यक्रमको संक्षिप्त विवरणः**

१. कार्यक्रमको संक्षिप्त परिचयः

२. कार्यक्रमको उद्देश्यः

३. लाभान्वित हुने घरधुरी संख्याः प्रत्यक्ष : ……….. अप्रत्यक्षः……….

३.१ लाभान्वित हुने जनसंख्याः प्रत्यक्ष : ……….. अप्रत्यक्षः……….

४.जग्गाको क्षेत्रफलः ................................

५. प्रमुख कृषि उपजको अनुमानित वार्षिक उत्पादन :

६. परियोजना स्थलमा रहेका पूर्वाधारहरुः

७.कृषि सम्बन्धी कुनै तालिम (क) लिएको (ख) नलिएको (लिएको भए तालिमको नाम र संक्षिप्त विवरण :

(ग) तालिमको अवधिः

८. कार्यक्रम सञ्चालन सम्वन्धी अनुभव :

(क) छ (ख) छैन (अनुभव भए ३ वर्षभन्दा कम…… ३ वर्षभन्दा बढी ………..

९. परियोजनाको अनुमानित लागतः

१०. परियोजनाको सञ्चालनका लागि आवश्यक पर्ने साधनहरूः

**११.प्रस्तावित क्रियाकलापहरु र खर्चको विवरणः**

| क्र.स. | प्रस्तावित | परिमाण | दर रु. | जम्मा | कार्यालयको(९०%) | समू |
|---|---|---|---|---|---|---|

मुसिकोट राजपत्र

| | क्रियाकलापहरु | | | लागत रु. | अनुदान रु. | (१० |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| जम्माः | | | | | | |

१२. कार्यक्रम सञ्चालनका संभाव्य जोखिम वा चुनौती एवं समस्याहरु छ/छैन (भएमा के कस्ता हुन् उल्लेख गर्ने)

१३. प्रस्तावित कार्यक्रमबाट वातावरणीय प्रभाव : पार्ने /नपार्ने (पार्ने भए के के हुन् उल्लेख गर्ने )

१४. परियोजना संचालन गर्न आवश्यक पर्ने जनशक्तिको विवरणः



मुसिकोट राजपत्र

१५. परियोजना संचालन हुने स्थान स्थान :

१६. प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धिहरु के के हुन् ?

(क)

(ख)

(ग)

समूह/सहकारी को नाम :

सिफारिस गर्नेको नामः

ठेगाना : ठेगानाः

समूह/सहकारीको छापः पदः

निवेदकः

दस्तखतः

**अनुसूची ५**

**दफा १२को उपदफा (१) सँग सम्बन्धित**

**सम्झौता पत्र**

मुसिकोट नगरपालिका गुल्मीको, चालु आ व २०८२/८३ को स्वीकृत…………………….. कार्यक्रम संचालन गर्न मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गुल्मी (यसपछि पहिलो पक्ष भनिने) ………………………………………समुह/सहकारी (यसपछि दोस्रो पक्ष भनिने) बिच मुसिकोट नगरपालिकामा देहायको सेवा शर्तको अधिनमा रही यो सम्झौता-पत्रमा हस्ताक्षर गरि एक/एक प्रति लियौ दियौ ।

- दोस्रो पक्षले सम्झौता भएको लगतै काम सुरु गर्नुपर्नेछ । यो कार्यक्रम मुसिकोट नगरपालिकाभित्र सम्पन्न गरिनेछ र सम्पन्न गर्नुपर्ने समय अवधि २०८३ असार १ गतेसम्म हुनेछ ।

- प्रथम पक्षले सम्झौता र कार्ययोजना अनुसार कार्य सम्पन्न गरी बील भरपाई लगायत आवश्यक कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षको बैक खाता मार्फत रकम भुक्तानी दिईनेछ ।
- कार्यालयले उपलब्ध गराउन सक्ने अनुदान र साझेदारी हुने रकमको हिस्सा कार्यविधिमा तोकिएबमोजिम चरणवद्ध रुपमा हुनेछ ।
- प्रथम पक्षबाट अनुगमन भई कार्यप्रगतिको प्राविधिक मूल्याङ्कन प्रतिवेदनका आधारमा भुक्तानी गरिनेछ ।
- व्यवसायिक कार्ययोजना बमोजिमका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।
- दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।
- प्रथम पक्षको तर्फबाट हुने अनुगमनको कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ ।
- दोस्रो पक्षले बाली तथा पशुपंक्षीको बिमा अनिवार्य रुपमा गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।
- निर्माणको हकमा प्राविधिक लागत अनुमान प्रतिवेदन अनिवार्य पेश गर्नु पर्नेछ ।
- सम्झौतामा उल्लेख हुन छुटेका विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।
- विभिन्न कारण कार काबु भन्दा बाहिरको परिस्थिति सिर्जना भएमा/ तोकिएको समयमा कार्य सम्पन्न नभएमा प्रथम पक्षले भुक्तानी दिन वाध्य हुनेछैन ।
- रकमको हिनामिना तथा दुरुपयोग भएमा सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।
- सम्झौताका बुँदाहरुमा आवश्यकता अनुसार थपघट र परिमार्जन गर्न सकिनेछ ।

मुसिकोट राजपत्र

दोस्रो पक्षको तर्फ बाट प्रथम पक्षको तर्फबाट

हस्ताक्षरः

हस्ताक्षरः

नामः

नामः

ठेगानाः

पदः

समूह /सहकारीको छापः

कार्यालयको छापः

साक्षीः

साक्षीः

नामः

नामः

ठेगानाः

पदः

पदः

इति सम्वत २०............. साल…………. महिना.........गते रोज सुभम् ।

मुसिकोट राजपत्र

मुसिकोट राजपत्र

प्रमाणिकरण मिति
२०८२।१०।१२

आज्ञाले,
मोहन अर्याल
प्रमुख प्रशासकीय अधिकृत

**मूल्यरू ५०**